# लोक सेवा आयोग

## राजपत्राङ्कित तृतीय श्रेणी, अप्राविधिक तर्फका विभिन्न सेवा/समूहका

## शाखा अधिकृत वा सो सरह पदको द्वितीय चरणको प्रतियोगितात्मक लिखित परीक्षा

मितिः २०८०/१/३१

समयः ३ घण्टा　　　　　　　　　　　　　　　　　　　　　　पूर्णाङ्कः १००

पत्रः तृतीय

विषयः समसामयिक विषय (Contemporary Issues)

निम्न प्रश्नहरूको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ ।

## Section – A　　　　30 Marks

1. "शरणार्थी" शब्दलाई अन्तर्राष्ट्रिय मान्यता अनुरूप परिभाषित गर्नुहोस् । नेपालमा शरणार्थी समस्याबारे उल्लेख गर्दै यो समस्या समाधान गर्न नेपालले के कस्ता रणनीतिहरू अपनाउनुपर्ला? लेख्नुहोस् ।
Define the term "Refugee" as per international standard. Mentioning about the refugee problem in Nepal, what strategies should Nepal adopt to solve this problem? Write down. 3+4+3=10

2. सामाजिक न्यायको सैद्धान्तिक अवधारणाको चर्चा गर्दै नेपालमा सामाजिक न्याय सम्बन्धी व्यवस्थाहरू वर्णन गर्नुहोस् ।
Discussing of the theoretical concepts of social justice, describe the provisions related to social justice in Nepal. 5+5=10

3. सामाजिक परिचालन भन्नाले के बुझिन्छ? नेपालमा सामाजिक परिचालन सम्बन्धमा गरिएको व्यवस्थाको उल्लेख गर्नुहोस् । यसलाई अझ प्रभावकारी बनाउने उपयुक्त उपायहरू के-के हुन सक्छन्? लेख्नुहोस् ।
What is meant by social mobilization? Mention the arrangements made regarding social mobilization in Nepal. What would be the suitable measures to make it more effective? Write down. 2+3+5=10

## Section – B　　　　20 Marks

4. आर्थिक कुटनीतिको अर्थ प्रष्ट्याउँदै नेपालमा प्रत्यक्ष वैदेशिक लगानी आकर्षण गर्न आर्थिक कुटनीतिलाई कसरी अझ बढी प्रभावकारी बनाउन सकिन्छ? उपायहरू उल्लेख गर्नुहोस् ।
Clarifying the meaning of economic diplomacy, how could economic diplomacy be made more effective to attract foreign direct investment in Nepal? Mention the measures. 2+8=10

5. आर्थिक बृद्धि र आर्थिक विकासबीच के भिन्नता छ? आर्थिक बृद्धि र आर्थिक विकासका सम्बन्धमा नेपाल सरकारको विद्यमान नीति स्पष्ट पार्नुहोस् ।
What is the difference between economic growth and economic development? Clarify the existing policy of Nepal Government regarding economic growth and economic development. 10

## Section – C　　　　30 Marks

6. युएनडिपीद्वारा प्रत्येक वर्ष प्रकाशित हुने मानव विकास सूचकाङ्कका प्रमुख तत्वहरू उल्लेख गर्दै नेपालको विद्यमान अवस्थाबारे स्पष्ट पार्नुहोस् ।
Mentioning the major elements of Human Development Index (HDI) published every year by UNDP, elucidate about the current situation of Nepal. 5+5=10

7. नेपालमा अधिकार निक्षेपणका मुख्य बाधाहरू पहिचान गरी अधिकारको प्रभावकारी निक्षेपणका लागि उपयुक्त उपायहरू प्रस्तुत गर्नुहोस् ।
Identifying the main barriers of devolution of power in Nepal, present the appropriate measures for effective devolution of power. 5+5=10

क्रमशः......

Govinda Giri

8. दिगो विकासको परिचय दिनुहोस् । सन् २०३० सम्ममा नेपालले दिगो विकासका लक्ष्यहरू हासिल गर्न के-के गर्नुपर्ला? लेख्नुहोस् ।
Give an introduction of Sustainable Development. What should Nepal do to achieve the Sustainable Development Goals by 2030 AD? Write down. 4+6=10

## Section – D 20 Marks

9. वातावरण र विकासबीचको अन्तरसम्बन्धबारे प्रकाश पार्नुहोस् । वातावरण र विकासबीच हामीले कसरी सन्तुलन कायम गर्न सक्दछौं? उदाहरणसहित उत्तर दिनुहोस् ।
Highlight about the inter-relationship between environment and development. How can we maintain balance between environment and development? Answer with example. 4+6=10

10. बिशेष गरेर नेपालका ठूला शहरहरूमा फोहरमैला व्यवस्थापन एउटा गम्भीर समस्या भएको छ । फोहरमैला व्यवस्थापनमा देखिएका समस्या के-के हुन्? फोहरमैलाको समुचित तरीकाले व्यवस्थापन गर्न सुझाव दिनुहोस् ।
Especially in big cities of Nepal, solid waste management has become a serious problem. What are the problems occurred in solid waste management? Suggest to manage the solid waste properly. 5+5=10

«« समाप्त »»

Govinda Giri
www.sarkarijagir.com